नवौं गाउँसभाको बैठकमा अध्यक्ष चित्र बहादुर चलाउने ज्युबाट प्रस्तुत आर्थिक वर्ष २०७८।०७९ को

# बार्षिक नीति तथा कार्यक्रम

**सिद्ध कुमाख गाउँपालिका**
**ढोरचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**२०७८ असार १० गते विहिवार**

**यस सभाका उपाध्यक्ष ज्यू तथा उपस्थित गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु,**
राजनितिक दलका पदाधिकारी, सम्पुर्ण कर्मचारी, शिक्षक प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी, अगुवा कृषक सामुदायिक वनका प्रतिनिधि, विभिन्न क्षेत्रबाट पाल्नुभएका वौद्धिक व्यक्तित्वहरु तथा उपस्थित आमा बुवा, दाजु भाई तथा दिदिबहिनीहरु,

सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपुर्ण ऐतिहासिक संर्घषबाट प्राप्त उपलब्धीहरुलाई दिगो एवं संस्थागत गर्न जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधानले व्यवस्था गरेको संघिय शासन प्रणालीको अवधारणा अनुसार गठित सिद्ध कुमाख गाँउपालिकाको प्रतिनिधीमुलक यस सम्मानित गाँउसभा समक्ष आर्थिक वर्ष २०७८/२०७९ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त,उदेश्य,प्राथमिकता र प्रमुख नीतीहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

यस विशिष्ट अवसरमा सिद्ध कुमाख गाउँपालिकाको गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक बर्षको वजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताहरु प्रस्तुत गर्नु पुर्व लोकतान्त्रिक गणतन्त्र,संघियता,धर्म निरपेक्षता, समावेसीता,समाजिक न्याय स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात विर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस अवसरमा सम्पुर्ण आदरणीय अग्रज,सहिद परिवार,आन्दोलनका घाइते तथा द्धन्द पिडितहरु, अपांग तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछौ ।

कोभिड १९ को विश्वव्यापी महामारीबाट मुलुक आक्रान्त भएको छ ,यो घडीमा मुलुक भित्र तथा मुलुक बाहिर आफनो अमुल्य जीवन गुमाउनु  भएका नेपाली दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ भने शोकाकुल परिवारजनमा हार्दिक समावेदना व्यक्त गर्दछौ र संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

यस सिद्ध कुमाख गाँउपालिकाले सवै पक्षको सहयोग र समन्वयमा महामारीको सुरुवाती अवस्था देखि नै कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि लिएको रणनिती,प्रतिकार्य योजना र सक्रियताको कारणले हाल सम्म यसको संक्रमणलाई समुदायमा फैलन नदिई हाम्रो नियन्त्रणमा राख्न सफल भएका छौं । तर निकै सावधानी तथा होसियारी पुर्वक काम गर्नुपर्ने देखिन्छ । यस विपत प्रतिकार्य समुहमा अग्रपंतीमा रहेर काम गरि रहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी ,गाँउपालिकाका सम्पुर्ण जनप्रतिनिधी ज्युहरु ,कर्माचारीहरुमा कामको उच्च प्रशंसा गर्दै समन्वय र सहयोग गर्नुहुने संघसस्था,नागरिक समाज आमसञ्चार जगत र आम जनसमुदायलाई धन्यवाद व्यक्त गर्दछौ र निरन्तर सहयोगको सवैसँग हार्दिक अपिल पनि गर्दछौ ।

चालु आर्थिक वर्षको विकास तथा कार्यक्रम कार्यान्वयन भइरहेका महत्वपुर्ण समयमा विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ को महामारीबाट हाम्रा विकासका कार्यक्रमहरु प्रभावित भएका छन् । यसको प्रतिकार्यमा काम गर्दा विकासका कार्यक्रम अगाडी बढाउनु हालको मुख्य चुनौती रहेको छ ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**
सिद्ध कुमाख गाँउपालिकाले समावेशी,दिगो र उच्च आर्थीक बृद्धि हासिल गर्दै **आर्थिक,समाजिक रुपान्तरण र समाजिक न्याय कायम गर्न स्वास्थ्य,शिक्षा,उत्पादन र रोजगार**, **जीवनस्तरमा रुपान्तरण र दिगो पुर्बाधार** : भन्ने मुल ध्येयका साथ आगामी आर्थिक वर्ष २०७८/०७९ को वजेट तर्जुमा गरिने छ । यस दिशामा केन्द्रित भइ अव म यस गाँउसभा समक्ष सिद्ध कुमाख गाँउपालिकाको विनियोजन विधेयक, २०७८ मा समावेश हुने वजेट तथा कार्यक्रमका **सिद्धान्तहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधानले निर्दिष्ट गरेको लोककल्याणकारी राज्यको अवधारणा,नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरु, समाजवाद उन्मुख अर्थतन्त्र, संघिय शासन प्रणाली अनुरुप संघ, प्रदेश र स्थानिय तह बीचको सहअस्तित्व, सहकारीता र समन्वय, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीतामा सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रुपमा अंगिकार गरिने छ। बार्षिक बजेट तर्जुमा गर्दा सिद्ध कुमाखवासीको आकांक्षा, नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्य, कर्णाली प्रदेश प्रथम पञ्चबर्षिय योजनाको आधारपत्र, सिद्ध कुमाखगाँउपालिकाको बार्षिक नीती तथा कार्यक्रम, **समृद्ध नेपाल र सुखी नेपाली**को दीर्घकालिन राष्ट्रिय आकांक्षा तथा **समृद्ध कर्णाली सुखारी कर्णालीबासी** भन्ने प्रदेश सरकारको अपेक्षा र स्थानिय तहको निर्वाचनको चुनावी घोषणा पत्रमा ध्यान केन्द्रित गर्दै अनपेक्षित रुपमा देखिएको कोभिड १९ को प्रभावबाट सिर्जित विषम अवस्थालाई समेत मुख्य आधारको रुपमा लिइने छ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

१. नेपालको संविधान
२. नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षिय योजना
३. दिगो विकासका लक्ष्यहरु
४. कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाको आधारपत्र
५. सिद्ध कुमाख गाउँपालिकाको पन्ध्रवर्षिय गूरुयोजना
६. सिद्ध कुमाख गाउँपालिकाको १० वर्षे शिक्षा योजना
७. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता
८. स्थानीय सरकार संचालन ऐन २०७४
९. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५
१०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग २०७४
११. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४

## चालु आवका हाल सम्मका प्रमुख उपलव्धीहरुः

**१.** सिद्ध कुमाख गाउँ कार्यपालिकाको प्रशासकीय भवन, वडा नं ३ को कार्यालय भवन, आधारभूत स्वास्थ्य केन्द्रको भवनको निर्माण कार्य चालु आवमा सम्पन्न भएको छ।
**२.** नेरा मावि छापडाडाको ४ कोठे विद्यालय भवन, बाल कल्यान आवि फलाँटेको ४ कोठे र २ कोठे विद्यालय भवन, हिमालय आवि माझखर्कको २ कोठे भवन, जनसेवा आवि सागिनेको २ कोठे भवन निर्माण सम्पन्न भएको छ।
**३.** स्वास्थ्यचौकी बाँझकाडाको भवन निर्माण अन्तिम चरणमा पुगेको छ।
**४.** खर्केडाँडा मेलचौर सडक, कजेरी राम्री सडक खण्ड निर्माण सम्पन्न भएको छ।
**५.** गाउँपालिकाको नमुना खेलकुद मैदान बनाउने उद्धेश्य अनुरुप नेरा मावि छापडाडाको फिल्ड स्तरोन्नती गरिएको छ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम र मूख्यमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सवै वडामा सञ्चालित योजनाहरुमा करिव बाह्रसय जना बेरोजगार युवाहरुले चालु आवमा रोजगार प्राप्त गरेका छन ।

७. वडा नं ४ मा सुन्तला र कागती पकेट, वडा नं ५ मा बाख्रा पकेट र वडा नं ३ र १ लाइ तरकारी पकेट विकास कार्यक्रम सञ्चालन भएका छन ।

## बजेटको सोच, लक्ष्य, उद्धेश्य र अपेक्षित उपलब्धिहरु

१. **सोचः "कृषि, पर्यटन र पूर्वाधारः सिद्ध कुमाख गाउपालिका समृद्धिको मूल आधार"** भन्ने नारालाई सार्थक बनाउन प्राकृतिक र साँस्कृतिक सम्पदाको  उच्चतम सदुपयोग मार्फत तिव्र उत्पादनमुखी  व्यवसायिक कृषि, पर्यटन र पूर्वाधारको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने सोच रहेको छ ।

२. **लक्ष्यः** आर्थिक, सामाजिक र पूर्वाधार विकास गरी यस गाउँपालिकाको नागरिकहरुको जीवनस्तर उकास्ने लक्ष्य रहेको छ ।

३. **उद्धेश्यः** क. विकासका भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्ने,

ख. सार्वजनिक सेवा प्रवाहलाइ प्रविधिमैत्री गराउने

ग. स्वास्थ्य सेवाको क्षेत्र विस्तार गर्ने

घ. शैक्षिक पूर्वाधारहरुको मर्मत सम्भार गर्ने

ङ.आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिकामै उपलव्ध गराउने ।

च. गाउँपालिकाबासीहरुलाई सुरक्षित खानेपानीको व्यवस्था मिलाउने ।

४. **अपेक्षित लक्ष्यहरुः**

क. यस गाउँपालिकाका सवै नागरिकहरु यातायत, आधारभूत स्वास्थ्य सेवा, शिक्षा, विद्युत र खानेपानीको पहुँचमा आउनेछन ।

ख. करिव पन्ध्र सय नागरिकहरुले प्रत्यक्ष रोजगार पाउनेछन ।

ग.विद्युतिय माध्यमबाट सेवा प्रवाह गरिनेछ ।

घ.गाउँपालिका भित्र सञ्चालित सडक सञ्जालहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याउन नियमित मर्मत सम्भार र स्तरोन्नती गरिनेछ ।

# आगामि आर्थिक वर्षका प्रमुख नीति तथा कार्यक्रमहरु

## स्वास्थ्यः

१. कोभिड १९ को महामारीबाट सिद्ध कुमाखवासीलाई सुरक्षित राख्न कोभिड १९ एन्टिजेन परिक्षण निशुल्क मिलाइने छ । साथै कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि आबश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ ।

२. स्वस्थ गाउँपालिका समृद्ध गाउंपालिका भन्ने कुरालाइ मध्यनजर गर्दै गाउँपालिका अर्न्तगतका स्वास्थ्य चौकी र कोभिड अस्पतालमा आगामी आव देखि ल्याव सेवा सञ्चालन गरिनेछ ।

३. अति विपन्न तथा गरिव नागरिकहरुलाई केन्द्रविन्दुमा राखी सवै वडाहरुमा विशेषज्ञ डाक्टर सहित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

४. आयुर्वेद चिकित्सालाई व्यवस्थि रुपमा स्थापना गरी कोभिड तथा दिर्घरोगीहरुको उपचारमा थप सेवा प्रदान गरिनेछ ।

## शिक्षा तर्फ

५. सामुदायिक विद्यालयका विषयगत शिक्षकहरुको क्षमता अभिबृद्धि हुने तालिमहरु सञ्चालन गरिनेछ ।

६. एक वडा एक नमुना विद्यालयमा मन्टेश्वरी शिक्षा सञ्चालन गरिनेछ ।

७. शिक्षित सिद्ध कुमाख, समृद्ध सिद्ध कुमाख भन्ने मुल भावलाइ साकार बनाउन १० वर्षे शिक्षा योजनालाइ कार्यान्वयन गरिनेछ ।

८. कोभिड १९ का कारण पठनपाठनमा भएको अवरोधलाइ दृष्टि गरी वैकल्पिक विधिको माध्यमबाट नयाँ शैक्षिक सत्रको पठनपाठन अगाडि बढाइनेछ ।

९. प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाइ नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक उपलव्ध गराइनेछ ।

१०. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाइ विद्यालयमा टिकाइ राख्न दिवा खाजा कार्यक्रम लागु, सबै विद्यालयमा पोषण कक्षा, छात्राहरुलाई सेनेटरी प्याड वितरण, लक्षित बर्गलाई छात्रवृत्रि प्रदान गरिनेछ ।

११. विद्यालयको शैक्षिक गुणस्तर थप सुधार गर्न नियमित विद्यालय अनुगमन तथा निरीक्षण गरी विद्यालयको शैक्षिक गुणस्तरलाई  थप प्रभावकारी बनाइनेछ ।

१२. विद्यालयहरुको भौतिक संरचनाहरु जस्तै कक्षा कोठा, शौचालय, फर्निचर, खानेपानी, खेलमैदानको मर्मत सम्भार गरिनेछ ।

१३. विद्यालयका सवै किशोर किशोरीलाई आइरन चक्की वितरण गर्ने साथै स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य शिक्षा दिइनेछ ।

१४. बहुक्षेत्रीय पोषण सरोकारवालासँग समन्वय गरी गाउँपालिकाका सवै विद्यालयमा पोषण कक्षालाइ थप प्रभावकारी बनाउन अतिरिक्त क्रियाकलाप (बक्तृत्वकला, हाजिरीजवाफ, डकुमेन्ट्री प्रदर्शनी) सञ्चालन गरिनेछ ।

१५. समुन्नत समाज निर्माण गर्न र जनसांख्यिक लाभको रुपमा रहेको युवा जनशक्तिलाई सीपमुलक तालिम,उत्पादन र विकासमा सक्रिय सहभागी गराइने छ । स्वस्थ नागरिक तयार गर्न र खेलको माध्यमबाट

गाँउपालिकाको पहिचान बृद्धि गर्न खेल पुर्वाधारको निर्माण,पालिका स्तरीय प्रतियोगिता सन्चालनको पुर्व तयारी तथा खेलाडीको वृद्धिविकासमा विशेष प्राथमिकता दिइने छ ।

## कृषि तथा पशुपन्छी तर्फ

१६. सिद्ध कुमाखवासीको आर्थिक स्तरलाइ वृद्धि गर्नको लागि टिमुर खेति र फलफुल खेतिलाइ प्रवद्धन गरिनेछ । साथै बाखा पकेट र बेमौसमी तरकारी खेतिको क्षेत्र विस्तार गरिनेछ ।

१७. गाउँपालिका स्तरीय कृषि बन नर्सरीलाइ थप व्यवस्थित गरीनेछ । नर्सरीमा उत्पादन भइरहेका सुन्तला, कागती र टिमुर लगाएतका विरुवाहरु अनुदानमा वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१८. व्यवसायिक च्याउ खेती प्रवद्धन, आधुनिक मौरी पालन व्यवसाय विस्तार तथा आकस्मिक बाली संरक्षण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१९. कृषिमा आधुनिकिकरण गर्नको लागि कृषि यान्त्रीकरणमा विशेष जोड दिइनेछ ।

२०. गाउँपालिका स्तरमा कोल्ड स्टोर निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

२१. पशु स्वास्थ्यलाई मध्यनजर गरी पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२२. विभिन्न रोगको निदानको लागि पशु सेवा शाखाको प्रयोगशालालाई व्यवस्थित गरिनेछ ।

## लक्षितवर्ग तर्फ

२३. महिलाहरुको क्षमता अभिबृद्धीका लागि चेतनामुलक र सीपमुलक कार्यक्रमहरु ल्याईनेछ । लैगिक हिंसा निवारण सम्वन्धि कार्यक्रमहरु ल्याईने छ ।

२४. लैगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि चेतनामुलक कार्यक्रमहरु ल्याईनेछ ।

२५. ज्येष्ठनागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै ज्येष्ठ नागरिक हरुले भोग्नुपरेको समस्याहरुबारे अर्न्तक्रिया कार्यक्रम गरिने छ ।

२६. समृद्ध सिद्ध कुमाख निर्माणका भावि कर्णधारको रुपमा रहेका हाम्रा बालबालिकाको उज्वल भविष्यका लागि शारीरिक,मानसिक र शैक्षिक क्षमता अभिबृद्धिका साथै उनीहरुको संरक्षण,विकास र सहभागीता सुनिश्चित गरिने छ ।

२७. बाल क्लवहरु गठन तथा संचालन गरिने छ। बालबालिकाहरुको क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धि तालिम संचालन गरीनेछ ।

२८. बाल विवाह विरुद्धको जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ। किशोरिहरुको लागि जीवनोपयोगी तालिम संचालन गरिनेछ ।

२९. अपांगता भएका ब्यक्तिहरुको लागि सीप मुलक तालिम र ब्यवसाय प्रर्वद्धन अनुदान दिईनेछ। अपांगता भएका ब्यक्तिहरुलाई सम्मान गरिने छ ।

३०. अपांगता परिचयपत्र नविकरण तथा वितरणा सहजीकरण गर्नका लागि शिविर संचालन गरिनेछ ।

३१. उद्यमशिलता प्रवर्द्धनका लागि महिला उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

## भौतिक पूर्वाधार, पर्यटन विकासतर्फ

३२. गाउँपालिकाका मुख्य सडकहरुको चौडाइ कम्तीमा ६ मिटर, कृषि सडक ४ मिटर र गोरेटो बाटो २ मिटर हुनेगरी निर्माण गरिनेछ ।

३३. गाउँपालिका भित्र रहेका पुराना सडकहरुको स्तरोउन्नती गरी बाह्रै महिना यातायात सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

३४. खानेपानी योजना सञ्चालन गर्नुपूर्व खानेपानीको मुहान अनिवार्य दर्ता गराउने व्यवस्था गरिनेछ ।

३५. विद्युत पहुँचबाट टाढा रहेका बस्ति तथा टोलहरुमा विद्युत विस्तार गरिनेछ ।

## वन तथा बातावरण

३६. यस गाउँपालिका भित्र रहेका खोलाहरुबाट नदिजन्य पदार्थहरुको उत्खलन, संकलन र विक्री वितरण गर्नु पूर्व प्रारम्भिक बातावरणिय परिक्षण गरिनेछ ।

३७. सामुदायिक बनलाई प्रोत्साहन गर्नका साथै निजी वनलाई दर्ता प्रक्रियामा लगिनेछ ।

## सुशासन तर्फ

३८. प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाह गर्न कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।न्याय सम्पादन कार्यलाई प्रभाकारी बनाउन न्यायमा जनताको पहुँच कार्यक्रम गरिनेछ ।

३९. बाढी,पहिरो,आगलागी लगायतका प्रकोपबाट पीडित परिवारलाई निर्धारण गरे अनुसार राहत उपलब्ध गराइने छ ।

४०. करको दायर बढाइ राजश्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोगको सुनिश्चित गरिने छ ।

४१. आगामि आवको बजेटमा पुँजीगत खर्च क्षमता बढाउने,चालु खर्च घटाउने र प्रशासनिक खर्च कटाउने नीति लिइने छ ।

**यस सभाका उपाध्यक्ष ज्यू,**

**तथा आदरणीय सम्पूर्ण महानुभावहरु,**

यस गाउँपालिकाको वार्षिक नीति र कार्यक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागी हुनु भएका गाउँपालिकाका सम्पुर्ण जनसमुदायहरु, गाउँपालिकाका **उपाध्यक्ष ज्यू,** प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, विभिन्न विषयगत शाखाका प्रमुख एवं कर्मचारीहरु, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा स्वास्थ्य सावधानी अपनाइ कोभिड १९ को महामारीबाट सुरक्षित रहदै यस गाउँपालिकाको विकासको अभियानमा सहभागि हुन सम्पुर्ण गाउँपालिकाबासी दिदी बहिनी र दाजुभाइहरुलाई हार्दिक गर्दछु ।